# लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यालय

लुम्बिनी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

# सामुदायिक सिकाइ केन्द्र सञ्चालन एवम् व्यवस्थापन सम्बन्धी -कार्यविधि २०७५

सम्पर्क नं. ०७१-५८०३०५, ५८०३५०

ई-मेलः lumbiniculturalmunicipality@gmail.com

वेबसाईटः www.lumbinisanskritikmun.gov.np

स्वीकृत मितिः २०७५/१२ /१५

# सामुदायिक सिकाइ केन्द्र सञ्चालन एवम् व्यवस्थापन सम्बन्धी-कार्यविधि २०७५

**प्रस्तावना :** शिक्षाको अवसरबाट बञ्चित भएका, गरिबीको चपेटामा परेका समुदायका विभिन्न व्यक्तिहरूको आवश्यकतामा आधारित कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्ने उद्देश्यले सामुदायिक सिकाइ केन्द्रहरू स्थापना एवम् सञ्चालन गर्न आवश्यक भएको एवम् लुम्बिनी साँस्कृतिक नगरपालिका भित्रका साविक ८ गा.वि.स.(मधुवनी, खुदाबागर, तेनुहवा, भगवानपुर, लुम्बिनी आर्दश, एकला, मसिना र आमा) हरुमा नेपाल सरकार साविक शिक्षा मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्रको निति नियम, शिक्षा ऐन र सामुदायिक सिकाइ केन्द्र (CLC) संञ्चालन व्यवस्थापन निर्देशिका बमोजिम ८ वटा सामुदायिक सिकाइ केन्द्र २०५९ देखी स्थापना भई संञ्चालनमा रहेका छन् । स्थापित सामुदायिक सिकाइ केन्द्रहरुले सरकारी एवम् गैरसरकारी संघ संस्थाको आर्थीक प्राविधिक सहयोगमा समुदायमा आधारित कार्यक्रमहरु अनौपचारिक शिक्षा, साक्षरता, सिप विकास, निरन्तर सिकाइ, स्वास्थ्य, सिपमुलक तथा आयमुलक कार्यक्रम, सूचना सेवा, महिला शशक्तिकरण, जनचेतनामुलक कार्यक्रम तथा समुदाय विकासका कार्यक्रम संञ्चालन गर्दै आएका छन् । यसै क्रममा ७ सामुदायिक सिकाइ केन्द्रका भवन निर्माण भई CLC कार्यालयबाट समुदायमा आधारित कार्यक्रम तालिम, गोष्ठी, पुस्ताकलय, स्वास्थ्य किल्निक, सूचना केन्द्र एवम् सामाजिक कार्यमा भवन परिचालन हुदै आएका छन् । सामुदायिक सिकाइ केन्द्र, CLC अर्न्तगतका भवन संरचना नगरपालिकको सम्पती भएको र नगरपालिकको निति, नियम, निर्देशन भित्र रही काम गर्ने शैक्षिक एवम् सामाजिक संस्था भएको, नगरपालिकाको विकास कार्यमा सहयोग पुरयाइरहेको हुदाँ सामुदायिक सिकाइ केन्द्रको उद्धेश्य अनुसार सामुदायिक विकासका कार्य गर्न, नगरपालिकका कार्यक्रममा सहयोग पुरयाउन, सामुदायिक सिकाइ केन्द्रको संस्थागत र दिगो विकासका लागी **"नगर शिक्षा ऐन २०७५"** धारा १५ अनुसार यो सामुदायिक सिकाइ केन्द्र (Community Learning Center, CLC) संञ्चालन व्यवस्थापन कार्यविधि २०७५ लागु गरिएको छ ।

**लुम्बिनी साँस्कृतिक नगरपालिकामा स्थापित/संञ्चालित सामुदायिक सिकाइ केन्द्रः**

(१) मधुवनी सामुदायिक सिकाइ केन्द्र लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.-१०

(२) खुदाबगर सामुदायिक सिकाइ केन्द्र लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.-९

(३) तेनुहवा सामुदायिक सिकाइ केन्द्र लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.-६

(४) भगवानपुर सामुदायिक सिकाइ केन्द्र लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.-१

(५) लुम्बिनी आर्दश सामुदायिक सिकाइ केन्द्र लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.-३

(६) एकला सामुदायिक सिकाइ केन्द्र लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.-७

(७) दाई अखिलेश्वरी देवी सामुदायिक सिकाइ केन्द्र लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.-११

(८) आमा सामुदायिक सिकाइ केन्द्र लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.-१२

## परिच्छेद - १

### (१) संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि" २०७५ अग्रेंजीमा Community Learning Center, CLC भनिने छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

### (२) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले स्थानीय समुदायका मानिसहरू मिलेर आफ्नो आवश्यकता पूरा गर्न स्थानीय स्तरमै सञ्चालन हुने गरी व्यवस्थापन गरिएको स्वायत्त, स्वशासित, अविच्छिन्न उत्तराधिकारवाला

नाफारहित सामाजिक संस्था सम्झनुपर्छ ।

(२) "केन्द्र" भन्नाले सामसदायिक सिकाइ केन्द्र सम्झनुपर्छ ।

(३) "संस्था" भन्नाले सामुदायिक सिकाइ केन्द्र भन्ने सम्झनुपर्छ ।

(४) "नगरकार्यपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(५) "समुदाय" भन्नाले समाजको विकासमा क्रियाशील व्यक्तिहरूको समूह सम्झनुपर्दछ ।

(६) "स्थानीय सरकार" भन्नाले नगरपालिका र वडा समितिलाई सम्झनुपर्दछ ।

(७) "नगरपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकालाई सम्झनुपर्छ ।

(८) "CLC संयोजक" भन्नाले सामुदायिक सिकाइ केन्दको रेखदेख, निरिक्षण, अनुगमन गर्न, शिक्षा युवा तथा खेलकुद शाखा र नगरकार्यपालिकाका कार्यमा सहयोग पुरयाउन नगरकार्यपालिकाबाट नियूक्त व्यक्तिलाई सम्झनु पर्दछ ।

(९) "कार्यक्रम साझेदार संस्था वा निकाय" भन्नाले आफ्नो तर्फबाट समेत आर्थिक, प्राविधिक, मानवीय संशाधन एवम् संस्थागत संरचनाको उपयोग गरी सम्झौताअनुसारको सेवा पुऱ्याउने संस्था सम्झनुपर्छ ।

(१०) "सहयात्री संस्था" भन्नाले सहभागिताका आधारमा एक साथ मिलेर काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

(११) "सहयोगी संस्था" भन्नाले सहयोगी भावनाले आपसी सम्झौताको आधारमा काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

(१२) "नगर सामुदायिक सिकाइ केन्द्र समन्वय समिति" भन्नाले यस कार्यविधि अनुसार नगरपकार्यपालिकबाट गठन भएको नगर सामुदायिक सिकाइ केन्द्र समन्वय समिति सम्झनुपर्छ ।

(१३) "शिक्षा यूवा तथा खेलकुद शाखा" भन्नाले लुम्बिनी साँस्कृतिक नगरकार्यपालिका अर्न्तगत रहेको शिक्षा यूवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

(१४) "CLC सचिवालय" भन्नाले नगरकार्यपालिका अर्न्तगत रहने नगर सामुदायिक सिकाइ केन्द्रको सचिवालयलाई सम्झनुपर्छ ।

(१५) सामुदायिक सिकाइ केन्द्रलाई सहयोग गर्ने वा सामुदायिक सिकाइ केन्द्र मार्फत लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्रमा कार्यक्रम संञ्चालन गर्न चाहाने राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाले लुम्बिनी साँस्कृतिक नगरकार्यपालिकाबाट अननिवार्य अनुमति/स्विकृती लिनु पर्नेछ ।

(१६) सामुदायिक सिकाइ केन्द्र (CLC) सम्बन्धि कुनै विषय वा यस कार्यविधिका बारेमा अन्तिम निर्णय गर्ने अधिकार नगरकार्यपालीकालाई हुनेछ ।

## परिच्छेद –२

### (३) नगर सामुदायिक सिकाइ केन्द्र समन्वय समिति :

(१) लुम्बिनी साँस्कृतिक नगरपालिका भित्र सञ्चालन हुने सामुदायिक सिकाइ केन्द्रसम्बन्धी विषयमा नीति निर्माण, रेखदेख, व्यवस्थापन, समन्वय र निरीक्षण गर्नको लागि देहायका सदस्यहरू रहेको एक नगर सामुदायिक सिकाइ केन्द्र समन्वय समिति रहने छ ।

(क) नगर प्रमुख — अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत — सदस्य

(ग) शिक्षा युवा तथा खेदकुद शाखा प्रमुख — सदस्य

(घ) वडा अध्यक्ष मध्ये नगरकार्यपालिकाबाट मनोनीत दुईजना सदस्य

(ङ) सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष मध्ये नगरकार्यपालिकाबाट मनोनीत दुईजना — सदस्य

(च) नगर क्षेत्र भित्रका माध्यामिक विद्यालयका प्रधानाध्यापक मध्ये नगरकार्यपालिकाबाट मनोनित एक जना — सदस्य

(छ) नगर CLC संयोजक — सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल ४ बर्ष हुनेछ ।

(३) सामुदायिक सिकाइ केन्द्र समन्वय समितिको सचिवालय नगरकार्यपालिकाको कार्यालयमा रहने छ ।

(४) सामुदायिक सिकाइ केन्द्र समन्वय समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुने छ ।

(५) समन्वय समितिले आवश्यकता महशुश गरेमा शैक्षिक, सामाजिक

व्यक्तित्वहरुलाई बैठकमा आमन्त्रित गर्न वा आमन्त्रित सदस्यमा मनोनित गर्न सक्ने छ ।

**(४) नगर सामुदायिक सिकाइ केन्द्र समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:**

(१) सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने ।

(२) नगर भित्र सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूको रेखदेख, अनुगमन र मूल्याङ्कन गर्ने ।

(३) सामुदायिक सिकाइ केन्द्रसँग सम्बन्धित सरकारी एवम् गैरसरकारी सङ्घ संस्था एवम् निकायसँग समन्वय कायम गराउने ।

(४) सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता शिक्षा, निरन्तर शिक्षा, सीप विकास तथा आयमूलक कार्यक्रमहरू एवम् समुदायको आवश्यकतामा आधारित कार्यक्रमहरू सञ्चालन गराउने ।

(५) सामुदायिक सिकाइ केन्द्रमा सञ्चालकहरूको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी अध्ययन भ्रमणको आयोजना गर्ने ।

(६) समुदायका अल्पसङ्ख्यक, जनजाति, पछाडि परेको वर्गलाई विकासको मूलधारमा ल्याउन उनीहरूको आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गराउने ।

(७) सामुदायिक सिकाइ केन्द्र विकासका लागि स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्ने व्यवस्था मिलाउने ।

(८) सामुदायिक विकास सम्बन्धी कार्यक्रमहरू सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(९) समुदायको आवश्यकतामा आधारित जनस्वास्थ्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(१०) समुदायमा रहेका विभिन्न धार्मिक सम्प्रदायका संस्कृति रीतिरिवाज आदिको प्रवर्धनात्मक कार्यहरू सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन गराउने ।

(११) समुदायको आवश्यकतानुसारका जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(१२) सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सहयोग गर्ने अन्तर्राष्ट्रिय

सङ्घ संस्था एवम् निकायबीच समन्वय गरी स्रोत जुटाउने ।

(१३) सामुदायिक सिकाइ केन्द्रका कार्यक्रमसँग सम्बन्धित नेपाल सरकार, प्रदेश सरकार, स्थानिय सरकार एवम् निकायहरूबीच समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(१४) सामुदायिक सिकाइ केन्द्रहरूका लागि प्राविधिक एवम् आर्थिक सहयोग उपलव्ध गराउन सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

(१५) सामुदायिक सिकाइ केन्द्रहरूलाई दीगोरूपमा सञ्चालन गर्नका लागि आवश्यक नीति रणनीतिहरू तय गरी सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

(१६) सामुदायिक सिकाइ केन्द्रको निम्ति आवश्यक विषयमा राय सुझाव प्राप्त गर्न गोष्ठी/कार्यशालाको आयोजना गर्ने ।

(१७) उत्कृष्ट ठहरिएका सामुदायिक सिकाइ केन्द्रले गरेका राम्रा र उदाहरणीय कार्यहरूको प्रचारप्रसार गरी त्यसलाई पुरस्कृत गर्न सिफारिस गर्ने ।

## परिच्छेद - ३

### (५) सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालनसम्बन्धी व्यवस्थाः

सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्न अनुमति लिनु पर्ने छ। सामुदायिक सिकाइ केन्द्र स्थापना गर्न नगरकार्यपालिकाले तोके अनुसारका प्रक्रिया पुरा गरी नगरपालिकामा निम्न कागजातहरू अनुमतिका लागी पेश गर्नु पर्नेछ ।

(१) सामुदायिक सिकाइ केन्द्र स्थापना गर्न चाहने समुदायले समुदायका मानिसहरू भेला गरी सामुदायिक सिकाइ केन्द्रका बारेमा परिचयदिई केन्द्र स्थापना गर्ने प्रक्रिया अघि बढाउने सामूहिक निर्णय गर्नु पर्दछ (सामुदायिक सिकाइ केन्द्र स्थापना नभएका वडाहरुमा) ।

(२) उक्त भेलाबाट यसै निर्देशिका बमोजिमको तदर्थ व्यवस्थापन समिति गठन गर्नु पर्दछ ।

(३) केन्द्र स्थापना हुने वडा कार्यालयबाट सहयोग गर्ने प्रतिबद्धता सहितको सिफारिसपत्र प्राप्त गर्नु पर्दछ ।

(४) केन्द्र स्थापना हुने सम्बन्धित स्थानको समन्वय समिति सचिवालयले स्थलगत निरीक्षण गरी सो केन्द्रका बारेमा सञ्चालन हुन सक्ने वा नसक्ने यथार्थ विवरणसहितको राय प्रतिवेदन नगरकार्यपालिकामा

समक्ष पेश गर्नु पर्ने छ ।

(५) नगरकार्यपालिकाले ले उपदफा (१), (२), (३) र (४) बमोजिम प्राप्त कागजातको अध्ययन गरी उपयुक्त र आवश्यक ठानेमा उपलब्ध विधान र यस कार्यविधिको प्रतिकूल नहुने गरी उक्त आवेदक सामुदायिक सिकाइ केन्द्रलाई नगरकार्यपालिकाले सञ्चालनको स्वीकृति प्रदान गर्ने छ ।

(६) प्रति वडामा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्न सकिने छ ।

(७) सामुदायिक सिकाइ केन्द्रले गत वर्षको कार्य प्रगति र लेखा परीक्षण प्रतिवेदनसहित चालु वर्षको कार्ययोजना राखी प्रत्येकवर्ष नवीकरणका लागि भाद्र मसान्त भित्र नगरकार्यपालिकाको कार्यालयमा निवेदन दिई नवीकरण गराउनु पर्ने छ ।

**(६) सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न देहाय बमोजिमका शर्त पालना गर्नु पर्नेछ :**

(१) यस कार्यविधिको प्रतिकूल नहुने गरी विधान निर्माण गर्नु पर्ने छ ।

(२) नेपाल सरकार र नगरपालिकाको प्रचलित ऐन नियमको पूर्ण पालना गर्नु पर्ने छ ।

(३) सामुदायिक सिकाय केन्द्रमार्फत कुनै राजनैतिक गतिविधि गर्न पाइने छैन । जाति, वर्ण, वर्ग, धर्म, सम्प्रदाय आदि क्षेत्रमा प्रतिकूल प्रभाव पार्ने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन ।

(४) समुदायको हित विपरीत हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन ।

(५) नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका अन्तर्गत र आबद्ध निकायहरूको नीति निर्देशनको पूर्ण पालना गर्नु पर्ने छ ।

(६) समुदायमा विशेष गरी निरक्षर पिछडिएको वर्ग, महिला, दलित, जनजातिलाई प्राथमिकता दिई उनीहरूको जीवनस्तर उकास्ने खालका कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।

**(७) आवद्धता :**

(१) सामुदायिक सिकाइ केन्द्रले आवश्यकताअनुसार समाज कल्याण परिषदसँग आबद्धता लिन सक्ने छ ।

(२) सामुदायिक सिकाइ केन्द्रहरूले आफूहरूबीच समन्वय र सहकार्यका लागि सञ्जाल गठन गर्न सक्ने छन् ।

(३) सामुदायिक सिकाइ केन्द्रको सञ्जालसँग अन्य सङ्घ संस्थाहरूले पनि सञ्जाल निर्माण गर्न सक्ने छन् ।

## (८) सामुदायिक सिकाइ केन्द्रको नामकरण :

(१) सामुदायिक सिकाइ केन्द्रको नामकरण देहायबमोजिम गर्न सकिने छ -

(क) राष्ट्रिय महत्वको भौगोलिक, धार्मिक वा ऐतिहासिक स्थलको नाममा

(ख) राष्ट्रिय विभूति वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यक्तित्वको नाममा

(ग) सञ्चालक/संस्थापक संस्थाको नाममा तर सञ्चालक संस्था/संस्थापक संस्था कुनै व्यक्तिको नाममा खुलेको भएमा सो संस्थाको नाममा सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न कार्यविधिको दफा ८ (२) बमोजिमको शर्त पूरा गरेको हुनु पर्ने छ ।

(२) कुनै संस्था वा व्यक्तिले आफ्नो नाममा सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न चाहेमा उक्त सामुदायिक सिकाइ केन्द्रको नाममा कम्तीमा दशलाख रुपियाँको अक्षय कोष वा सो बराबरको जग्गा राखी सम्बन्धित संस्था वा व्यक्तिको नाममा त्यस्तो सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न वा सामुदायिक सिकाइ केन्द्रको नामसँग आफ्नो नाम जोड्न सक्ने छ ।

(३) सामुदायिक सिकाइ केन्द्रको नामबाहेक आंशिक रूपमा सामुदायिक सिकाइ केन्द्रको कुनै भवन वा कोठाको नाम मात्र आफ्नो नाममा राख्न चाहने व्यक्ति वा संस्थालाई सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले कम्तीमा पाँच लाखको धनराशि राखी त्यस्तो नामकरण गर्ने व्यवस्था मिलाउन सक्ने छ ।

(४) सामुदायिक सिकाइ केन्द्रको नाम परिवर्तन गर्नुपर्ने भएमा सम्बन्धित वडा समितिको सिफारिस, व्यवस्थापन समितिको निर्णय र सिफारिसका आधारमा औचित्य र उपयोगिता पुष्टि भएमा नगरकार्यपालिकाले नाम परिवर्तन गर्न सक्ने छ ।

## (९) सामुदायिक सिकाइ केन्द्रलाई नेपाल सरकार र लुम्बिनी साँस्कृतिक नगरपालिकाले अनुदान उपलब्ध गराउन सक्ने:

(१) स्वीकृति प्राप्त सामुदायिक सिकाइ केन्द्रलाई नेपाल सरकार र नगरपालिकाले तोकेको शर्तको अधीनमा रही खर्च गर्ने गरी सामुदायिक सिकाइ केन्द्र समन्वय समिति मार्फत गत वर्षको कार्य प्रगति प्रतिवेदन

र चालू वर्षको कार्ययोजनाको आधारमा अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) सामुदायिक सिकाइ केन्द्रलाई स्थानीय निकाय/गैर सरकारी संस्था/व्यक्ति वा समुदायले सामुदायिक सिकाइ केन्द्रको उद्देश्य बमोजिम कार्य गर्ने गरी अनुदान दिन सक्ने छन् ।

**(१०) सामुदायिक सिकाइ केन्द्र सञ्चालन हुने समय :**

सामुदायिक सिकाइ केन्द्र सार्वजनिक विदाको दिन बाहेक १० बजेदेखि ४ बजेसम्म नियमित सञ्चालन हुनु पर्नेछ। सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले आफैले निर्णय गरी कार्यअवधि पूरा गर्ने सर्तमा विहान बेलुकाको उपयुक्त समय व्यवस्थापन गरी सञ्चालन गर्न पनि सक्नेछ। आवश्यकताका आधारमा अतिरिक्त समयमा कार्य गर्न गराउन बाधा हुने छैन ।

**(११) सेवा क्षेत्र :**

सामुदायिक सिकाइ केन्द्रले सम्बधित वडालाई नै सेवा क्षेत्र तोक्नु पर्ने छ। नगरपालिकाको स्वीकृत लिई अन्य वडा र जिल्लाहरुमा राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्थाको सहयोगमा कार्यक्रम संञ्चालन गर्न सक्नेछन् । साथै वडाहरूमा सामुदायिक सिकाइ केन्द्र स्थापना नभएको अवस्थामा नगरकार्यपालिकाको कार्यालयले सेवा नजिकको बडाहरूलाई समेत सेवा क्षेत्र तोक्न सक्ने छ ।

**(१२) सामुदायिक सिकाइ केन्द्रको कार्यालय सञ्चालन :**

सामुदायिक सिकाइ केन्द्रको कार्यालय सञ्चालनका लागि सामुदायिक भवनमा कार्यालय स्थापना गरी कार्यालय सञ्चालन गर्न सक्ने छ ।

## परिच्छेद - ४

## सामुदायिक सिकाइ केन्द्रका कार्यक्रमहरू

**(१३) सामुदायिक सिकाइ केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरू देहाय बमोजिम हुनेछन् :**

(१) साक्षरता कक्षाहरू ।

(२) निरन्तर शिक्षाका विभिन्न कार्यक्रमहरू (साक्षरोत्तर शिक्षा, निरन्तर

शिक्षा, सीपमूलक तालिम आदि)।

(३) आयमूलक कार्यक्रमहरू।

(४) बचत तथा ऋण कार्यक्रम।

(५) सहकारितामा आधारित साझेदारी कार्यक्रमहरू।

(६) पुस्तकालय।

(७) ऐतिहासिक, पौराणिक, धार्मिक, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन सम्बन्धी कार्यक्रम।

(८) मानवीय स्रोत विकाससम्बन्धी कार्यक्रमहरू।

(९) सामुदायिक सिकाइ केन्द्रले आवश्यक प्रक्रिया पूरा गरी बालविकास केन्द्र र बैकल्पिक तथा खुला विद्यालय।

(१०) सूचना सम्बन्धी कार्यक्रमहरू (रेडियो, टेलिफोन, टेलिभिजन आदिका माध्यमबाट जनचेतना फैलाउने, सेवा प्रवाह गर्ने) सञ्चालन, (तर स्वीकृत लिनुपर्ने भएमा सम्बन्धित निकायको स्वीकृति लिएर मात्र गर्नुपर्ने छ)

(११) स्वास्थ्य शिक्षा, सेवा उपलब्ध गराउने कार्यक्रम।

(१२) स्थानीय प्रदर्शनीहरूको आयोजनासम्बन्धी कार्य सञ्चालन।

(१३) स्थलगत अध्ययन भ्रमण कार्यक्रम।

(१४) उन्नत खेती, पशुपालन, घरेलु उद्योग जस्ता क्रियाकलापमा स्थानीय समुदायलाई सघाउने कार्यक्रम।

(१५) कानुनी साक्षरता शिक्षासम्बन्धी कार्यक्रम।

(१६) खेलकुद सांस्कृतिक कार्यक्रमहरू सञ्चालन,

(१७) समय समयमा विशेषज्ञहरूद्वारा प्रवचन तथा स्वास्थ्य परीक्षण शिविर जस्ता कार्यक्रम।

(१८) समुदायको आवश्यकतामा आधारित सेवामूलक योजना, कार्यक्रम।

(१९) विविध कार्यक्रमहरू सञ्चालन।

**(१४) तालिम तथा क्षमता अभिवृद्धिसम्बन्धी व्यवस्था :**

सामुदायिक सिकाइ केन्द्रको नीति निर्माण, योजना निर्माण र कार्यक्रम कार्यान्वयन, अनुगमन मूल्याङ्कनको कार्यका लागि सामुदायिक सिकाइ केन्द्रका पदाधिकारी एवम् कर्मचारीहरूलाई नेपाल सरकार तथा नगर

कार्यपालिकाले सामुदायिकसिकाइ केन्द्र व्यवस्थापन एवम् सञ्चालनसम्बन्धी तालिमको प्रबन्ध गर्ने छ सामुदायिक सिकाइ केन्द्र आफैले आवश्यकतानुसार को तालिमको आयोजना गर्न सक्ने छ। कुनै सरकारी वा अन्तर्राष्ट्रिय गैर सरकारी एवम् स्थानीय गैर सरकारी संस्थाले आयोजना गर्ने तालिममा सामुदायिक सिकाइ केन्द्रका पदाधिकारी एवम् कर्मचारीले भाग लिन सक्ने छन्। सामुदायिक सिकाइ केन्द्रलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सहयोग पुऱ्याउने भएमा नगर सामुदायिक सिकाइ केन्द्र समन्वय समितिसँग सम्झौता गरी त्यस्ता कार्यक्रमहरू सञ्चालन गर्न सक्ने छ।

## परिच्छेद - ५

### (१५) सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिको गठन सम्बन्धी व्यवस्था :

सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिमा देहाय बमोजिम सदस्यहरू रहने गरी व्यवस्थापन समितिको गठन हुनेछ। व्यवस्थापन समितिमा आवश्यकतानुसार विशिष्ट व्यक्तित्वहरूलाई आमन्त्रित सदस्यकोरूपमा राख्न सकिने छ।

(१) साधारण सभाबाट निर्वाचित एक जना — अध्यक्ष

(२) सम्बन्धित वडाका वडा अध्यक्ष — सदस्य

(३) समाजसेवी र शिक्षाप्रेमीमध्ये साधारण सभा सदस्यबाट एक जना महिला पर्ने गरी साधारण सभाबाट निर्वाचित ३ जना — सदस्य

(४) स्थानीय समाजसेवीहरू सधारण सभा सदस्य मध्येबाट १ जना महिला पर्ने गरी सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले मनोनित गरेको २ जना — सदस्य

(५) सेवाक्षेत्रभित्र रहेको सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले मनोनित गरेको १ जना — सदस्य

(६) सेवा क्षेत्रस्थित गैरसरकारी संस्थाबाट व्यवस्थापन समितिले मनोनित गरेको एक जना — सदस्य

(७) नगर CLC संयोजक पदेन सदस्यका रूपमा रहने छन्। — सदस्य

(८) सम्बन्धित सामुदायिक सिकाइ केन्द्रका परिचालक — सदस्य सचिव

(९) नगर शिक्षा शाखा प्रमुख सल्लाहाकारको रुपमा रहने छन् ।

(१०) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति सदस्यबाट उपाध्यक्ष र कोषाध्यक्षमा व्यवस्थापन समितिको निर्णयबाट मनोनित गर्न सकिने छ ।

(११) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिको बैठकमा समुदायका विशिष्ट व्यक्तिहरू, स्थानीय कृषि, पशु तथा स्वास्थ्य सेवा केन्द्रका विशेषज्ञ, सामुदायिक सिकाइ केन्द्रलाई सहयोग गर्ने व्यक्तिहरू वा राजनीतिक दलका व्यक्तिहरूलाई आमन्त्रित सदस्यका रूपमा आवश्यकताअनुसार बोलाउन सकिने छ ।

(१२) सामुदायिक सिकाइ केन्द्रको साधारण सभा प्रत्येक वर्ष हुने छ ।

(१३) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरूका पदावधि ४ वर्षको हुने छ ।

**(१६) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:**

सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(१) समुदायको सर्वेक्षण गरी समुदायका मानिसहरूको सिकाइ तथा सामुदायिक विकाससम्बन्धी आवश्यकताहरू पत्ता लगाउने,

(२) सिकाइ र आवश्यकताहरू पूरा गर्ने खालका योजना तथा कार्यक्रम बनाउने,

(३) योजना कार्यक्रमहरूका लागि आवश्यकतानुसार स्थानीय स्रोतको अधिकतम परिचालन गर्ने ।

(४) समुदायमा संलग्न विभिन्न सरकारी तथा गैरसरकारी निकाय एवम् विद्यालयका बीचमा सहयोग र समन्वय कायम गरी कार्यक्रम कार्यान्वयन गर्ने,

(५) बाह्य सहयोग जुटाउने,

(६) बालबालिका, युवा महिला प्रौढ तथा जेष्ठ नागरिक बचत तथा ऋण, आयआर्जन, सांस्कृतिक, ऐतिहासिक, धार्मिक आदि समूहहरू गठन गरी कार्यक्रम सञ्चालन गर्ने ।

(७) पेशागत समूहहरू गठन गरी आयआर्जनसम्बन्धी कार्यक्रमहरूमा

सहजकर्ता भई सहयोग गर्ने, जस्तै :

(क) कृषक समूह

(ख) महिला समूह

(ग) बचत तथा ऋण समूह

(घ) सांस्कृतिक समूह

(ङ) युवा समूह

(च) समुदायको आवश्यकतानुसार अन्य समूहहरू, विभिन्न योजना, कार्यक्रम तर्जुमा गरी व्यवस्थापन गर्ने, कार्यान्वयन गर्ने, निरीक्षण, अनुगमन एवम् कार्यक्रमको मूल्याङ्कन गरी आवश्यक सुधार गर्दै जाने,

(८) सामुदायिक सिकाइ केन्द्रले स्थानीय तथा बाह्यरूपमा प्राप्त रकम सम्बन्धित परियोजनाको उद्देश्य प्राप्तिमा मात्र साधारण सभाको स्वीकृति लिएर खर्च गर्नु पर्नेछ ।

(९) लुम्बिनी साँस्कृतिक नगरकार्यपालिका द्धारा संञ्चालित कार्यक्रममा सहयोग पुरयाउने ।

(१०) सामुदायिक सिकाइ केन्द्रका साधारण सभाद्वारा बजेट तथा कार्यक्रम स्वीकृत गराउने, आम्दानी खर्चको हिसाब, (स्रेस्ता) ठीक सँग राख्न लगाउने, सामुदायिक सिकाइ केन्द्रको प्रत्येक आर्थिक वर्षकोको आम्दानी खर्चको हिसाब आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र लेखा परीक्षक नियुक्ति गरी लेखापरीक्षण गराई सोको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने । लेखा परीक्षकको प्रतिवेदन माथि छलफल गरी आवश्यक कारवाही गर्ने ।

(११) सामुदायिक सिकाइ केन्द्रका क्रियाकलापहरू र आर्थिक विवरणको प्रतिवेदन व्यवस्थापन समितिमा पेश गर्ने ।

(१२) सामुदायिक सिकाइ केन्द्रद्वारा गठित विभिन्न समितिमा भएका निर्णयहरूको अभिलेख राख्ने ।

**(१७) सामुदायिक अध्ययन केन्द्रको काम कर्तव्य र अधिकार :**

सामुदायिक सिकाइ केन्द्रले लक्षित वर्गहरूमा निरक्षर साक्षर प्रौढ, महिला, विद्यालय शिक्षाको अवसरबाट बञ्चित बालबालिकाहरू, बीचैमा विद्यालय छाडेका बालबालिकाहरू, गरिबीको मारबाट पिल्सिएकाहरू, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग, विकासको मूल प्रवाहबाट पछाडि परेका तथा

आर्थिक रूपमा विपन्न वर्गको उन्नति समुदायको विकासका लागी समुदायमा आधारित कार्यक्रमका कार्य गर्नु पर्दछ ।

सामुदायिक सिकाइ केन्द्रको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) आफ्नो सेवा क्षेत्रमा लक्षित वर्ग पहिचान गर्न घरधुरी सर्वेक्षण एवम् समुदाय सर्वेक्षण गर्ने जस्ता कार्य गर्ने,

(२) लक्षित वर्गको आवश्यकताहरू पहिचान गर्ने

(३) पहिचान गरिएका आवश्यकताहरू परिपूर्ति गर्न आवश्यक कार्यक्रमहरू निर्माण गरी प्राप्त स्रोत र साधनअनुसार तिनको प्राथमिकीकरण गर्ने,

(४) समुदायको आवश्यकतानुसारका निम्न कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने :

(५) निरक्षरता उन्मूलन गर्ने शैक्षिक कार्यक्रमहरू :

(क) प्रौढ शिक्षा, महिला शिक्षा, बाल शिक्षा, निरन्तर शिक्षा

(ख) पुस्तकालय, कानुनी साक्षरता, चेतनामूलक शैक्षिक कार्यक्रमहरू

(६) कृषि तथा सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन (आयआर्जन कार्यक्रम)

(क) तरकारी खेती

(ख) वागवानी खेती (फलफूल)

(ग) माछापालन

(घ) मौरीपालन

(ङ) कुखुरापालन

(च) बङ्गुरपालन

(छ) भैंसीपालन

(ज) पसल सञ्चालन/व्यवसाय सञ्चालन

(झ) सिलाइ बुनाइ तालिम

(ञ) घरेलु उधोग/कुटिर उद्योग (स्वीकृति लिनु पर्ने भए सम्बन्धित निकायबाट स्वीकृति लिएर)

(ट) आवश्यकतानुसारका अन्य तालिम

(७) बचत तथा ऋण कार्यक्रम

(८) सामुदायिक विकास सम्बन्धी कार्य

(क) बाटो,खानेपानी,सरसफाइ,विद्यालय

सञ्चालन/व्यवस्थापन,स्वास्थ्यचौकी व्यवस्थापन/सञ्चालन, सामुदायिक वनसम्बन्धी कार्यको व्यवस्थापन सञ्चालन,

(९) संस्कृति संरक्षण

मन्दिर, पाटी, पौवा, बिहार, मस्जिद, पोखरी, चौतारी, चर्च, विभिन्न धार्मिक सम्प्रदायका पवित्र स्थलहरू,

(१०) जनचेतनामूलक कार्यक्रमहरू

(क) मद्यपान, धुम्रपान विरुद्धका चेतनामूलक कार्यक्रम

(ख) वातावरण एवम् सरसफाइसम्बन्धी चेतनामूलक कार्यक्रम

(ग) जुवातास विरुद्ध चेतनामूलक कार्यक्रम

(घ) सफा पानीको प्रयोगसम्बन्धी चेतनामूलक कार्यक्रम

(ङ) प्राथमिक उपचारसम्बन्धी चेतनामूलक कार्यक्रमहरू

(च) प्रजनन स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रमहरू

(छ) एच आईभी एड्स (HIV/AIDS) सम्बन्धी चेतनामूलक कार्यक्रमहरू

(ज) पोषणसम्बन्धी चेतनामूलक कार्यक्रमहरू

(झ) शैक्षिक जागरणसम्बन्धी कार्यक्रमहरू

(ञ) आवश्यकतानुसार अन्य कार्यक्रमहरू (१०) सामुदायिक अध्ययन केन्द्रले विगत वर्षको कार्य प्रगति र लेखापरीक्षण, साधारण सभा बैठक तथा चालु वर्षको कार्ययोजनासहित प्रत्येक वर्ष भाद्र मसान्त भित्र नवीकारणका लागि नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ। सोअनुसार नवीकरण नगर्ने सामुदायिक सिकाइ केन्द्रको अनुदान रोक्का गर्न सकिने छ।

**(१८) वडा समिति वा वडा कार्यालयको भूमिकाः**

वडा समिति वा वडा कार्यालयको भूमिका देहाय बमोजिम हुने छ।

(१) सामुदायिक सिकाइ केन्द्र संञ्चालन व्यवस्थापन कार्यविधिले गरेको व्यवस्थाको अधिनमा रही सामुदायिक सिकाइ केन्द्र संञ्चालन गर्न सिफारिस गर्ने।

(२) वडा कार्यालयबाट संञ्चालन गर्ने सामाजिक एवम जनचेतनामुलका कार्यक्रम संम्भव भए सम्म सामुदायिक सिकाइ केन्द्रलाई संञ्चालन

गर्ने जिम्मेवारी दिने ।

(३) वडाका कार्यक्रम प्रभावकारी रुपमा संञ्चालनका लागी सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गर्ने

(४) सामुदायिक सिकाइ केन्द्रका लागी भवन, पुस्तकालय, खेलमैदान, धारा, पानी, शौचालय आदीको व्यवस्था गर्न सहयोग गर्ने,

(५) आफनो क्षेत्र भित्र संञ्चालित सामुदायिक सिकाइ केन्द्र र केन्द्रबाट संञ्चालित कार्यक्रमको नियमित निररिक्षण अनुगमन गर्ने ।

(६) समादायिक सिकाइ केन्द्रको अनुदान निकासाका लागी नगरकार्यपालिकामा सिफारिस गर्ने ।

(७) सामुदायिक सिकाइ केन्द्रको हितमा अन्य कार्यक्रममा सहयोग गर्ने ।

(८) सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक सुझाव सल्लाह र निर्देशन प्रदान गर्ने ।

**(१९) लुम्बिनी साँस्कृतिक नगरकार्यपालिकाको भूमिका :**

लुम्बिनी साँस्कृतिक नगरकार्यपालिकाको भूमिका देहायबमोजिम हुनेछ :

(१) सामुदायिक सिकाइ केन्द्रको वार्षिक एवम् आवधिक कार्यक्रमहरू निर्माण गर्न लगाई लक्ष्य एवम् सूचकहरू तोक्ने र तिनलाई कार्यान्वयन गर्न लगाउने ।

(२) सामुदायिक सिकाइ केन्द्र सम्बन्धमा बनेका नीति नियमको कार्यान्वयन गराउने । (३) सामुदायिक सिकाइ केन्द्रहरूको अभिलेख रेखदेख, निरीक्षण, निर्देशन, सहजीकरण र मूल्याङ्कन गर्ने ।

(४) सामुदायिक सिकाइ केन्द्रसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरू, अन्य सङ्घ संस्था तथा निकायसँग समन्वय गरी सामुदायिक सिकाइ केन्द्रका कार्यक्रमको निरन्तरता प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने ।

(५) सामुदायिक सिकाइ केन्द्रलाई प्राविधिक एवम् आर्थिक सहयोग उपलब्ध गराउने ।

(६) सामुदायिक सिकाइ केन्द्र सम्बन्धी सन्दर्भ सामग्रीको विकास गरी तिनको प्रयोगको बन्दोवस्त मिलाउने ।

(७) नगर तहमा सामुदायिक सिकाइ केन्द्रहरूको सञ्जाल तयार गरी

सोमार्फत कार्यक्रम सञ्चालनमा विभिन्न ढाँचाहरू तय गर्ने र कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(८) सामुदायिक सिकाइ केन्द्र सम्बन्धी नीति र कार्यक्रम सञ्चालन सम्बन्धी कार्यहरू सम्पादन गर्ने ।

(९) सामुदायिक सिकाइ केन्द्रलाई समुदायमा आधारित कार्यक्रमहरु (शैक्षिक, महिलाा शशक्तिकरण, सिप विकास तथा आयआर्जन, कृषि कार्यक्रम, जनचेतनामुलक कार्यक्रम, सूचना सेवा, सम्पदा सँस्कृती संरक्षण, सामाजिक कार्यक्रम आदी) प्रदान गर्ने

(१०) नेपाल सरकार, प्रदेश सरकारको निर्देशन बमोजिमका कार्यहरू गर्ने ।

(११) सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालित कार्यक्रमहरूमा सहयोग गरी तिनको अनुगमन गर्ने ।

(१२) गतसालको प्रगति र चालु वर्षको योजना र कार्यक्रम सञ्चालनका आधारमा सामुदायिक सिकाइ केन्द्रलाई निकासा दिने ।

(१३) CLC संयोजकको नियूक्ति गर्ने ।

१४) CLC समन्वय समिति र CLC संयोजकलाई आवश्यक निर्देशन दिने

(१५) सामुदायिक सिकाइ केन्द्रको वार्षिक कार्य विवरण, प्रगति विवरण र लेखापरीक्षण प्रतिवेदनका आधारमा प्रत्येक वर्ष सामुदायिक सिकाइ केन्द्रहरूको नवीकरण गर्ने र नवीकरण नगर्ने सामुदायिक सिकाइ केन्द्रको अनुदान रोक्का राख्ने ।

## (२०) नगर सामुदायिक सिकाइ केन्द्र संयोजकको नियुक्ति, सेवा सुविधा र काम कर्तव्य अधिकारः

(१) CLC संयोजकको नियुक्ति :- सामुदायिक सिकाइ केन्द्रको रेखदेख, निरिक्षण, अनुगमन, समन्वय, सामुदायिक सिकाइ केन्द्रको संस्थागत र दिगो विकासमा सहयोग गर्न नगर सामुदायिक सिकाइ केन्द्र समन्वय समिति सचिवालयमा रही काम गर्ने गरी सामुदायिक सिकाइ केन्द्र वा सामुदायिक सिकाइ केन्द्र सँग सम्बन्धित परियोजनामा कम्तीमा १० बर्ष काम गरेको अनुभव प्राप्त व्यक्तिलाई नगरकार्यपालिककाले CLC संयोजकमा नियूक्ति गर्ने छ ।

(२) CLC संयोजकको पारिश्रमिक र सेवा, सुविधाः

CLC संयोजकको पारिश्रमिक र अन्य सेवा, सुविधा लुम्बिनी साँस्कृतिक

नगरकार्यपालिकको कार्यालयले तोके बमोजिम हुनेछ ।

(३) CLC संयोजकको काम, कर्तव्य र अधिकार :

(१) नगर समन्वय समिति सचिवालय अर्न्तगत सामुदायिक सिकाइ केन्द्रको प्रशासनिक कार्यहरू सञ्चालन गर्ने ।

(२) सामुदायिक सिकाइ केन्द्र समन्वय समितिको निर्णय र निर्देशन अनुसारका काम गर्ने गराउने ।

(३) सामुदायिक सिकाइ केन्द्रसँग सम्बन्धित तथ्यांक र प्रतिवेदन तयार गर्ने ।

(४) सामुदायिक सिकाइ केन्द्रका कार्यक्रम योजना निर्माण गराई नगर स्तरिय योजना निर्माण गर्ने योजना कार्यान्वयनमा सामुदायिक सिकाइ केन्द्रलाई सहयोग गर्ने ।

(५) सामुदायिक सिकाइ केन्द्रको संस्थागत र दिगो विकासका लागी CLC लाई सहयोग गर्ने ।

(६) सामुदायिक सिकाइ केन्द्रबाट संञ्चालित कार्यक्रमको निरिक्षण अनुगमन गर्ने,

(७) CLC समन्वय समिति अध्यक्षको निर्देशन बमोजिमका कार्य गर्ने ।

(८) सामुदायिक सिकाइ केन्द्र र सरकारी गैरसरकारी संघ संस्था बिच समन्वय सहकार्य गर्ने गराउने ।

(९) सामुदायिक सिकाइ केन्द्रका संञ्चालकहरुको क्षमता विकासका लागी तालिम, गोष्ठिी, अध्ययन भ्रमणको आयोजना गर्ने । (१०) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति तथा सामाजिक परिचालकलाई आवश्यक सल्लाह, सुझाव र मार्गनिर्देशन गर्ने ।

(११) नगरकार्यपालिकको कार्यालयको काममा सहयोग गर्ने ।

(१२) नगरकार्यपालिकको कार्यालय अर्न्तगत शिक्षा यूवा तथा खेलकुद शाखाको काममा सहयोग गर्ने ।

(१३) नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृतको मातहत र निर्देशनमा रही काम गर्ने ।

**(२१) संघ संस्थाहरूको भूमिका :**

सामुदायिक सिकाइ केन्द्रलाई सहयोग गर्ने संघ संस्थाको भूमिका देहाय बमोजिम हुने छ :

(१) सामुदायिक सिकाइ केन्द्रद्वारा कार्यान्वयन भएका कार्यक्रमहरूको व्यवस्थापन, सञ्चालन, अनुगमन र मूल्याङ्कनमा यो कार्यविधि र अन्य प्रचलित कानुनको अधीनमा रही कार्यक्रममा साझेदार सहयात्री एवम् सहयोगी संस्थाको रूपमा काम गर्ने ।

(२) आफुसंग उपलब्ध र आफू मार्फत परिचालन भएको आर्थिक एवम् अन्य स्रोत सामग्रीलाई नगरपालिकामा विद्यमान सङ्गठन संरचना मार्फत वा आफ्नै संरचनामार्फत नगरपालिकाको अनुमतीमा सामुदायिक केन्द्रको विकास र विस्तारमा उपयोग गराउने ।

(३) सामुदायिक सिकाइ केन्द्रका लागि भवन, खेलमैदान, धारा, पानी, शौचालय आदिको व्यवस्था गर्न मद्दत एवम् सहयोग गर्ने ।

(४) सामुदायिक सिकाइ केन्द्रबाट सञ्चालित कार्यक्रमहरूको कार्यमूलक अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याउने ।

(५) सामुदायिक सिकाइ केन्द्रका कार्यक्रमहरूलाई विस्तार एवम् व्यवस्थित गर्न सहयोग गर्ने ।

(६) सामुदायिक सिकाइ केन्द्रको कार्यक्रमको सञ्जालको सदस्यको रूपमा कार्य गर्ने ।

(७) सामुदायिक सिकाइ केन्द्रको कार्यक्रमका बारेमा प्रचारप्रसार गर्ने र निरन्तर सहयोग गर्ने ।

## परिच्छेद - ६

## सामुदायिक सिकाइ केन्द्र परिचालक सम्बन्धी व्यवस्था

### (२२) सामुदायिक अध्ययन केन्द्रको परिचालक नियुक्ति, सेवा सर्त र सुविधाहरू सम्बन्धन्धी व्यवस्थाः

(१) समुदाय परिचालकको नियुक्ति :- सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिले नगरपालिकाको अनुमतीमा कम्तीमा प्रमाणपत्र तह (उच्च माध्यामिक शिक्षा) उत्तीर्ण स्थानीय विवाहित महिलालाई परिचालकको रूपमा कार्यसर्त तोकी नियुक्ति गर्न सक्नेछ । नियुक्तिको प्रक्रिया र कार्यविधि व्यवस्थापन समितिले तोके वमोजिम हुने छ ।

(२) समुदाय परिचालकको आचरण :

(क) कार्यमा नियमितता

(ख) मृदुभाषी

(ग) सामुदायिक/सामाजिक कार्यमा रुचि राख्ने

(घ) पेसा र कार्यप्रति आस्थावान्

(ङ) अनुशासित, सदाचारी, चरित्रवान्

(३) समुदाय परिचालकको पारिश्रमिक र सुविधा :

समुदाय परिचालकको पारिश्रमिक र अन्य सेवा सुविधा उपलब्ध स्रोतका आधारमा उपयुक्त हुने गरी सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले तोकिदिए वमोजिम हुने छ ।

**(४) समुदाय परिचालकको काम, कर्तव्य र अधिकार :**

(१) सामुदायिक सिकाइ केन्द्रको प्रशासनिक कार्यहरू सञ्चालन गर्ने ।

(२) सामुदायिक सिकाइ केन्द्रबाट सञ्चालित पुस्तकालय सञ्चालन गर्ने,

(३) सामुदायिक सिकाइ केन्द्रअन्तर्गतका समिति, समूह, उप–समूहहरूको क्रियाकलापमा सहजीकरण र सहयोग पुऱ्याउने,

(४) सामुदायिक सिकाइ केन्द्रबाट सम्पादित कार्यक्रमको प्रगति विवरणहरू तयार गरी सम्बन्धित निकायमा पठाउने,

(५) सामुदायिक सिकाइ केन्द्रबाट भइरहेका र हुने कामहरूको अनुगमन गर्ने,

(६) अध्यक्षको निर्देशन बमोजिम निर्धारित गरिएका कार्य गर्ने,

(७) सामुदायिक सिकाइ केन्द्रका अभिलेखहरू अद्यावधिक गरी राख्ने,

(८) स्थानीय विद्यालयहरू, स्वास्थ्य केन्द्र, सङ्घ संस्थाहरू, गाउँ विकास समिति/नगरपालिकासँग समन्वय र सम्पर्क गर्ने एवम् साझेदार भई कार्य गर्ने,

(९) नगर CLC समन्वय समिति, नगरकार्यपालिका, शिक्षा यूवा तथा खेलकुद शाखा, CLC संयोजक लगायतका निकायबाट प्राप्त निर्देशनहरू पालन गर्ने गराउने,

(१०) सामुदायिक सिकाइ केन्द्रका कार्यक्रमहरूको प्रचार प्रसार गर्ने

(११) सामुदायिक सिकाइ केन्द्रको सम्पत्तिको जिम्मा लिने र सम्पत्तिको सुरक्षा गर्ने,

(१२) सामुदायिक सिकाइ केन्द्रसम्बन्धी विषयमा, कार्यक्रमहरूको

सम्पादन/कार्यान्वयन सम्बन्धी विषयमा, सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिको बैठकमा जानकारी गराउने,

(१३) सामुदायिक सिकाइ केन्द्रमा भैपरी आउने विविध कार्यहरू सम्पादन गर्ने गराउने ।

## परिच्छेद - ७

## अनुगमन एवम् मूल्याङ्कन

### (२३) निरीक्षण र अनुगमनसम्बन्धी व्यवस्था :

सामुदायिक सिकाइ केन्द्रको निरीक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(१) लुम्बिनी साँस्कृतिक नगरकार्यपालिका, नगर CLC समन्वय समिति, शिक्षा यूवा तथा खेलकुद शाखाले आफ्नो क्षेत्रभित्रको सामुदायिक सिकाइ केन्द्रको कार्यक्रमको निरीक्षण र अनुगमन गर्ने छन् ।

(२) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले नियमितरूपमा कार्यक्रमको अनुगमन र निरीक्षण गर्ने छ ।

(३) दाता सङ्घ संस्थाहरूले आफ्नो सहयोगमा सञ्चालन भएका कार्यक्रमहरूको निरीक्षण र अनुगमन गर्ने छन् ।

(४) कुनै क्षेत्रबाट भएको निरीक्षण अनुगमनको प्रतिवेदन निरीक्षण अनुगमन गर्ने व्यक्ति वा संस्थाले आ-आफ्नो कार्यालय र एक तह माथिको कार्यालय र नगरकार्यपालिकाको कार्यालयमा अनिवार्य रूपमा पठाउनु पर्ने छ ।

## परिच्छेद - ८

## सामुदायिक सिकाइ केन्द्र कोषसम्बन्धी व्यवस्था

### (२४) नगर स्तरिय सामुदायिक सिकाइ केन्द्रको कोष:

नगरकार्यपालिकाको कार्यालय अर्न्तगत नगर स्तरिय सामुदायिक सिकाइ केन्द्रको एउटा कोष रहनेछ उक्त कोषमा निम्नानुसारको रकम जम्मा गरिने छ :

(१) नेपाल सरकारबाट प्राप्त हुने अनुदान,

(२) प्रदेश सरकारबाट प्राप्त हुने अनुदान वा रकम,

(२) नगरपालिकाबाट प्राप्त अनुदान वा कार्यक्रम रकम,

(३) राष्ट्रिय अन्तराष्ट्रिय सरकारी तथा गैरसरकारी संघ संस्था वा दाताबाट प्राप्त रकम ।

नगर स्तरिय कोषको परिचालन नगर CLC समन्वय समितिको निर्णय अनुसार हुनेछ ।

**(२५) सामुदायिक सिकाइ केन्द्र स्तरको कोष**

(१) सामुदायिक सिकाइ केन्द्रको नाममा एउटा कोष रहनेछ र उक्त कोषमा निम्नानुसारको रकम जम्मा गरिने छ :

(१) नेपाल सरकारबाट प्राप्त हुने अनुदान वा रकम,

(२) प्रदेश सरकारबाट प्राप्त रकम,

(३) नगरपालिकाबाट प्राप्त अनुदान वा कार्यक्रम रकम ।

(४) दानदातव्य र चन्दाबाट प्राप्त रकम,

(५) सामुदायिक सिकाइ केन्द्रको सदस्यता बापत प्राप्त रकम र सदस्यता नवीकरण गर्दा प्राप्त हुने रकम,

(६) चल अचल सम्पति बिक्रीबाट प्राप्त रकम,

(७) केन्द्रको नाममा जम्मा भएको बचत रकमबाट प्राप्त व्याज रकम,

(८) दातृ संस्था, समुदायबाट प्राप्त रकम,

(९) केन्द्रले सञ्चालन गरेको आयमूलक कार्यक्रमबाट प्राप्त हुने रकम,

(१०) अन्य विविध स्रोतबाट प्राप्त हुने रकम, तर विदेशी राष्ट्र वा दातृ संस्थाबाट दान, दातव्य र अनुदानको रकम प्राप्त गर्दा नगरपालिकाको सिफारिसमा नेपाल सरकारको स्वीकृतिमा मात्र प्राप्त गर्न सकिने छ ।

(२) सामुदायिक सिकाइ केन्द्रको कोष परिचालन कोषको परिचालन सामुदायिक सिकाइ केन्द्रको उद्देश्यभित्र रही सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुने छ ।

**(२६) सामुदायिक सिकाइ केन्द्रको बैङ्क खाता सञ्चालन :**

(१) सामुदायिक सिकाइ केन्द्रको बैङ्क खाता सञ्चालन व्यवस्थापन समितिको अध्यक्ष, सचिव र कोषध्यक्ष तिन जना मध्ये दुई जनाको मध्ये

दुई केन्द्रको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। खाता सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिको अनुरोधमा नगरकार्यपालिकाको कार्यालयले सिफारिस गर्नेछ।

(२) प्रत्येक वर्ष सामुदायिक सिकाइ केन्द्रले स्वीकृत लेखापरीक्षकबाट आफ्नो आय व्ययको लेखा परीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित निकायहरूमा पठाउनु पर्ने छ।

(३) आय व्ययको विवरण सार्वजनिक गर्नुपर्ने :व्ययको सामुदायिक सिकाइ केन्द्रले आफ्नो आय व्यय विवरणको अद्यावधिक अभिलेख कायम राखी त्यसलाई सार्वजनिक सूचना पाटीमा सबैले देख्ने गरी टाँस्नु पर्ने छ।

**(२७) सामुदायिक सिकाइ केन्द्रले सहकारी कार्यक्रम सञ्चालन गर्न सक्ने :**

सामुदायिक सिकाइ केन्द्रको आफ्नो दिगोपनाको लागि र सदस्यहरू एवम् लक्षित वर्गको आय आर्जनमा सहयोग पुऱ्याउने उद्देश्यबाट देहायबमोजिमको सहकारी कार्यक्रम सञ्चालन गर्न सक्ने छ :

(१) सामुदायिक सिकाइ केन्द्रले सञ्चालन गरेको/गर्ने सहकारी कार्यक्रम प्रचलित कानुनबमोजिम अधिकार प्राप्त सहकारी कार्यालय वा निकाय समक्ष दर्ता गराउनु पर्ने छ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने सहकारी कार्यक्रममा सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिका सदस्यहरू, लेखा समितिका सदस्यहरू, केन्द्रलाई सहयोग पुऱ्याइरहेको सङ्घ संस्थाहरू, सामुदायिक सिकाइ केन्द्रका सदस्यहरूसमेत कम्तीमा २५ जना सदस्यहरू सेयर धनी सदस्यको रूपमा रहने छन्।

(३) सहकारी कार्यक्रमको शेयर सदस्यहरूको साधारण सभा सामुदायिक सिकाइ केन्द्रको सल्लाहकार सभा मानिनेछ। यसले सामुदायिक सिकाइ केन्द्रको विकास कार्यको लागि विभिन्न सल्लाह दिन सक्ने छ।

(४) सामुदायिक सिकाइ केन्द्रको कोषमा भएको रकममध्येबाट यस निर्देशिका बमोजिम सञ्चालित सहकारी कार्यक्रममा सेयरको रूपमा लगानी गर्न सकिने छ।

(५) सामुदायिक सिकाइ केन्द्रले सञ्चालन गर्ने/गरेको सहकारीको परिचालन सहकारीसम्बन्धी प्रचलित कानुन अनुसार हुनेछ।

(६) प्रचलित सहकारी सम्बन्धी कानुनको प्रतिकूल नहुने गरी सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिका सदस्यहरू र व्यवसायिक समूहका सदस्यहरूलाई यथावत कायम राखी नपुग थप सदस्य मात्र सहकारी कार्यक्रमको कार्य समितिमा सहकारीका शेयरहोल्डरहरूले छान्नु पर्ने छ ।

## परिच्छेद-९

### सहकार्य तथा साझेदारी सम्बन्धी व्यवस्था

**(२८) सहकार्य गर्दा सम्झौता गर्नुपर्ने :**

कुनै सामुदायिक सिकाइ केन्द्रसँग कार्यक्रम साझेदार र सहयोगी संस्थाका रूपमा कार्य गर्न चाहने संस्थाले दुई पक्षबीच प्रचलित कानुनको परिधिभित्र रही यस कार्यविधिमा लेखिएबमोजिमका व्यहोरा खोली सम्झौताका आधारमा काम गर्न सक्ने छ । तर सहभागी संस्था सामुदायिक भएको अवस्थामा सम्झौता नगरीकन पनि सहकार्य गर्न सकिनेछ । सहकार्य गर्न इच्छुक संस्था, समूह, समिति आदिले देहायबमोजिमको व्यहोरा खोली सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा सामुदायिक अध्ययन केन्द्र समक्ष निवेदन पेस गर्नु पर्ने छ ।

(१) सहयात्रीको रूपमा कार्य गर्न खोजेको कार्यक्रम ।

(२) आफूले परिचालन गर्ने स्रोत, साधन र सहयोग ।

(३) सम्बन्धित संस्था (सामुदायिक सिकाइ केन्द्र) सँग अपेक्षा गरिएको स्रोत र सहयोग ।

(४) अपेक्षित उपलब्धि ।

(५) अनुगमन मूल्याङ्कनको ढाँचा ।

(६) सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिले प्राप्त प्रस्तावको अध्ययन गरी प्रतिफल युक्त हुने देखिएमा सहकार्य गर्न सक्ने छ ।

## परिच्छेद - १०

### विविध

**(२९) प्रतिवेदन पेश गर्नु पर्ने :**

सामुदायिक सिकाइ केन्द्रले आफ्नो कार्यक्रमलगायत विभिन्न

व्यवसायिक, पेशागत, अन्य समूह समितिका कार्यक्रमको समेत त्रैमासिक र बार्षिक प्रतिवेदन नगरकार्यपालिकाको कायाृलय र कार्यक्रम साझेदार संस्था, सम्बन्धित वडा कार्यालयमा पठाउनु पर्ने छ ।

**(३०) सामुदायिक सिकाइ केन्द्र समुदायकै अङ्ग रहने :**

नेपाल सरकारको अनुदान प्राप्त हुने सामुदायिक सिकाइ केन्द्रको सम्पूर्ण व्यवस्थापकीय जिम्मेवारी यस कार्यविधिको अधीनमा रही समदाय कै हुने छ । समुदायले सम्बन्धित वडा कार्यालयस वा नगरपालिकाको सहयोगमा सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्नु पर्नेछ । प्रचलित ऐन नियमको अधीनमा रही समुदायले अन्य सरकारी एवम् गैह्रसरकारी संस्थाको सहयोग प्राप्त गर्न सक्नेछ । समुदायको हितमा कार्य गर्न स्वशासित, सङ्गठित अविच्छिन्न उत्तराधिकारवाला सामुदायिक संस्थाको रूपमा सामुदायिक सिकाइ केन्द्रले कार्य गर्नेछ । नगरकार्यपालिकाको कार्यालय एवम् अन्य सरकारी गैर सरकारी सङ्घ संस्था स्थानीय निकाय आदिले नेपाल सरकार र नगरपालिकाको नीति निर्देशन बमोजिम भौतिक र प्राविधिक सहयोग गर्नेछन् ।

**(३१) सामुदायिक सिकाइ केन्द्र सम्बन्धी थप व्यवस्था :**

(१) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिको अध्यक्ष र सदस्यका लागि योग्यताः

- (क) नेपाली नागरिक ।
- (ख) २० बर्ष उमेर पुगी साधारण सभा सदस्य भएको ।
- (ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

(२) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिलाई विघटन गर्न सकिनेः

देहायको अवस्थामा नगरकार्यपालिकाले सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिलाई विघटन गर्न सक्ने छ -

- (क) सामुदायिक सिकाइ केन्द्रको सम्पत्ति हिनामिना गरेमा ।
- (ख) समुदायको शैक्षिक, सांस्कृतिक एवम् सामाजिक वातावरण खलल पुग्ने काम गरेमा।
- (ग) नेपाल सरकार र नगरपालिकाको नीति नियम विपरीत काम गरेमा ।

(घ) सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन सन्तोष जनक रूपमा गर्न नसकेमा ।

(ङ) लगातार दुई वर्षसम्म सामुदायिक सिकाइ केन्द्रको नवीकरण नगराएमा ।

तर त्यसरी विघटन गर्नु अघि आवश्यक ठानेको अवश्थामा सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन । व्यवस्थापन समिति विघटन भएको अवश्थामा नगरकार्यपालिका कार्यालयले उक्त सामुदायिक सिकाइ केन्द्रको क्षेत्रभित्रको उच्चतम विद्यालयको प्रधानाध्यापकको संयोजकत्वमा सामुदायिक सिकाइ केन्द्रको सेवा क्षेत्र भित्रका साधारण सदस्यहरू वा सामाजिक शैक्षिक क्षेत्रमा कार्यरत महानुभाव मध्ये एक जना महिला पर्ने गरी ४ जना र नगर शिक्षा शाखा प्रमुख र CLC संयोजक समेत सदस्य रहने गरी ७ सदस्यीय गठन गर्ने छ गठित समितिले सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समिति गठनको प्रक्रिया पूरा गरी नयाँ व्यवस्थापन समिति गठन गर्ने छ ।

(३) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिका सदस्य र अध्यक्षहरूको राजिनामासम्बन्धी व्यवस्था : सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिको अध्यक्षको राजिनामा व्यवस्थापन समितिले र सदस्यहरूको राजीनामा अध्यक्षले स्वीकृत गर्न सक्नेछन् । राजिनामा स्वीकृत भई रिक्त हुन आएको पदमा कार्यविधि बमोजिम नै पदपूर्ति गरिने छ ।

(४) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिको बैठकसम्बन्धी कार्यविधि र पदावधि :

(क) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्ने छ ।

(ख) व्यवस्थापन समितिको बैठकसम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

**(३२) व्यवस्थापन समितिको पदावधिको गणनाः व्यवस्थापन समितिको पदावधिको गणना यो कार्यविधि जारी भएको मितिदेखि हुने छ ।**

**(३३) अनुसूचीमा संशोधनः**

लुम्बिनी साँस्कृतिक नगरकार्यपालिकाले कार्यविधि र अनुसूचीहरूमा आवश्यक परिमार्जन र सुधार गर्ने सक्ने छ ।

# अनुसूची - १

## सामुदायिक सिकाइ केन्द्र खोल्न दिइने निवेदन पत्रको ढाँचा

विषयः सामुदायिक अध्ययन केन्द्र सञ्चालन सम्बन्धमा ।

श्री लुम्बिनी साँस्कृतिक नगरकार्यपालिकाको कार्यालय,

लुम्बिनी, रुपन्देही

उपर्युक्त सम्बन्धमा रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. ......................... मा हाल सम्म सामुदायिक सिकाइ केन्द्र स्थापना नभएकोले नयाँ सामुदायिक सिकाइ केन्द्र खोल्ने स्वीकृतिका लागि देहायका विवरणहरू खुलाइ निवेदन गर्दछौं ।

(क) सामुदायिक सिकाइ केन्द्रको

नाम :

ठेगाना :

(ख) भौतिक अवस्था

१. भवन

२. कोठा

३. फर्निचर

५. शौचालय

६. खानेपानीको व्यवस्था

(ग) आर्थिक विवरण

आम्दानीका स्रोतहरू (सम्भाव्य)

निवेदनका साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ । तीनप्रति विधान संलग्न गर्नुपर्ने छ । वडा समिति र नगरपालिका क्षेत्रमा बसोबास गर्ने नागरिक समाजका वरिष्टतम् सदस्य, सम्बन्धित वडाको वडा पदाधिकारी सचिव, सङ्घ संस्थाका प्रतिनिधि एवम् स्थानीय सेव केन्द्रका प्रमुखहरू, महिला, जनजाति, दलित, पिछडिएका वर्ग र समूहको समेत प्रतिनिधित्व भएको एक भेलाले सामुदायिक सिकाइ केन्द्र स्थापना गर्न गरेको निर्णयको एक प्रति प्रतिलिपि र सम्वन्धित वडाको सिफारिस संलग्न गर्नुपर्ने छ ।

.......................................

अध्यक्ष

सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति (तदर्थ)

# अनुसूची - २

## विधानको नमुनाा

## .........................सामुदायिक सिकाइ केन्द्रको विधान २०............

प्रस्तावना : शिक्षाको अवसरबाट बञ्चित भएका गरिबीको चपेटामा परेका समुदायको विभिन्न व्यक्तिहरूका आवश्यकतामा आधारित साक्षरता शिक्षा, निरन्तर शिक्षा, पुस्तकालय सञ्चालन, सीप विकास एवम् आवश्यक कार्यक्रम लगायत समुदायको आवश्यकतामा आधारित कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्ने उद्देश्यले यो सामुदायिक सिकाइ केन्द्रको स्थापना गरिएको हो ।

**परिच्छेद - १**

१.संक्षिप्त नाम र प्रारम्भः

२. कार्यक्षेत्रः

३.परिभाषाः

४.छाप, झन्डा र कार्यालय

**परिच्छेद -२**

५.केन्द्रका उद्देश्यहरू

६.केन्द्रका कार्यहरू

**परिच्छेद - ३**

७.सदस्यताको योग्यता

८.सदस्यताको प्रकार

९.सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि

(क) साधारण सदस्यता

(ख) आजीवन सदस्यता

(ग) पदेन सदस्यता

(घ) मानार्थ सदस्यता

१०.सदस्यताका लागि अयोग्यता

**परिच्छेद - ४**

११.साधारण सभाको अधिवेशन

१२.साधारण सभाको काम, कर्तव्य र अधिकार

१३.व्यवस्थापन समितिको गठन

१४.व्यवस्थापन समितिमा नियुक्ति र बहाल रहन नसक्ने अवस्था

१५.व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार
१६.व्यवस्थापन समिति

**परिच्छेद - ५**
१७.पदाधिकारीहरूको काम कर्तव्य र अधिकार
(क) अध्यक्ष
(ख) उपाध्यक्ष
(ग) सचिव
(घ) कोषाध्यष
(ङ) सदस्य

**परिच्छेद - ६**
१८.सल्लाहकार समिति
१९.समूहहरू र उपसमितिहरू
२०.आर्थिक उप-समितिहरू र काम, कर्तव्य र अधिकार

**परिच्छेद - ७**
२१.आर्थिक व्यवस्था
२२.आर्थिक स्रोतहरू
२३.चल-अचल सम्पत्तिको विवरण
२४.कोष
२५.लेखा परीक्षण/आर्थिक विवरण

**परिच्छेद - ८**
२६.निर्वाचनसम्बन्धी व्यवस्था
२७.उम्मेदवार हुन अयोग्यता
२८.विघटन एवम् सम्पत्तिसम्बन्धी व्यवस्था

**परिच्छेद - ९**
विविध
२९.अविश्वास प्रस्ताव
३०.विधान संशोधन
३१.विनियमको निर्माण
३२.समिति विघटन
३३.कानुनसँग बाझिएमा
३४.निर्देशनको पालन
३५.व्यवस्थापन समिति, सल्लाहकार समिति र विषयगत समितिका पदाधिकारीहरूको नामावली

**अनुसूची - ३**

**सामुदायिक सिकाइ केन्द्रको स्वीकृती पत्रको ढाँचा**

**सासिके दर्ता नं.**

**लुम्बिनी साँस्कृतिक नगरकार्यपालिकाको कार्यालय**

लुम्बिनी, रुपन्देही

# प्रमाण–पत्र

सामुदायिक सिकाइ केन्द्र सञ्चालन एवम् व्यवस्थापन कार्यविधि २०७५ बमोजिम रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं ...... मा स्थीत श्री ......................................सामुदायिक सिकाइ केन्द्रलाई यस नगरकार्यपालिकाको मिति...............................को निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ ।

प्रमाणपत्र प्रदान गर्ने अधिकारी

दस्तखत :

नाम :

पद :

मितिः